# पिपरा गाउँपालिका

## महोत्तरी

# वार्षिक निति तथा कार्यक्रम पुस्तिका

## आ.ब. 2082/83



पिपरा गाउँपालिका–महोत्तरी

# स्थानीय सरकारको नीति तथा कार्यक्रम

## पिपरा गाउँपालिका नीति तथा कार्यक्रम, आ.व. २०८२/८३

माननीय गाउँसभा सदस्यज्यूहरू,
आदरणीय गाउँवासी आमा-बुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,

म, पिपरा गाउँपालिकाको तर्फबाट, यस गाउँसभा १५औं अधिवेशनको खुल्ला सत्रमा उपस्थित सम्पूर्ण मान्यज्यूहरूलाई हार्दिक स्वागत गर्दछु। यस सभामार्फत आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाउँदा म स्वयंमलाई गौरवान्वित महसुस गरिरहेको छु।

यस अवसरमा, पिपरा गाउँपालिकाका सम्माननीय मतदाताहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु, जसले हामीलाई मतदानमार्फत नेतृत्व गर्ने अवसर प्रदान गर्नुभयो। गाउँपालिकाका आम नागरिक, सरोकारवाला, सुझावदाताहरू, योजना तर्जुमा सहयोगी सहजकर्ता तथा कर्मचारीज्यूहरूप्रति पनि गहिरो धन्यवाद र कृतज्ञता व्यक्त गर्दछु।यसै सन्दर्भमा, नेपालको लोकतन्त्र, संघीयता र सामाजिक न्यायको यात्रामा अमूल्य योगदान दिनु भएका ज्ञात—अज्ञात वीर शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूको योगदानलाई स्मरण गर्दछु।

"सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका" निर्माण गर्ने हाम्रो साझा संकल्प र जनताको अपेक्षाको सम्मान गर्दै यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको हो। यस कार्यक्रमलेः

- दीगो विकास लक्ष्यहरूको स्थानीयकरण,
- स्थानीय स्रोतको पहिचान तथा परिचालन,
- गुणस्तरीय पूर्वाधार निर्माण,
- समावेशी, जलवायु उत्थानशील तथा दिगो आर्थिक विकास, मार्फत सुखी नागरिक र समृद्ध गाउँपालिका निर्माणको आधार तयार गर्नेछ। यस मार्गमा सार्वजनिक—सामुदायिक साझेदारीलाई आधार मानेर योजनाहरू कार्यान्वयन गरिनेछ।

### मुख्य प्राथमिकता क्षेत्रहरू

- गाउँपालिकालाई उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्ने,
- सुकुम्बासी समस्या समाधानका लागि वैज्ञानिक व्यवस्थापन गर्ने,
- स्वच्छ, सफा र सुन्दर वातावरण निर्माण गर्ने,

जस्ता विषयहरूलाई यस नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकताको रूपमा समावेश गरिएको छ।

## विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक,प्रशासनिक, आदि )

विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ महामारीबाट क्षतविक्षत अर्थतन्त्र पुनः सशक्त हुँदै गर्दा त्यसको पछ्यौरीमा आएको रूस–युक्रेन युद्ध, त्यसबाट उत्पन्न विश्व आपूर्ति प्रणालीको संकुचन, र तेल तथा खाद्यान्न बजारको अस्थिरताले नेपालजस्तो आयात–निर्भर मुलुकको समग्र अर्थतन्त्रमा गहिरो प्रभाव पारेको छ। यसले संघीय सरकारको राजस्व संकलनमा कमी ल्याएको र त्यसको प्रत्यक्ष असर स्थानीय तहमा प्राप्त हुने वित्तीय हस्तान्तरणमा परेको स्पष्ट देखिएको छ।

नेपाल अल्पविकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रको यात्रामा उक्लिँदै गर्दा हरेक दिन हजारौं युवा विदेश पलायन हुनु पर्ने अवस्था, उब्जाउ खेतबारी बाँझो हुनु, तथा गाउँ छाड्ने प्रवृत्ति बढ्नु हाम्रो साझा चिन्ताको विषय बनेको छ। यस्तो परिप्रेक्ष्यमा देशमै रोजगार सिर्जना गर्नु, उत्पादन वृद्धि गर्नु, र गाउँलाई आत्मनिर्भर बनाउनु वर्तमान आवश्यकता हो।

यस्तो विशिष्ट सामाजिक–आर्थिक सन्दर्भमा, स्थानीय आर्थिक विकास, सीप आधारित रोजगारी सृजना, उत्पादनमुखी लगानी, तथा हरित र समावेशी पूर्वाधार विकासका कार्यक्रमहरूलाई प्राथमिकता दिंदै, यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। साथै, पर्यावरण संरक्षण, जलवायु अनुकूलन, र दिगो विकासका आधारमा गाउँपालिकाको समग्र आर्थिक रूपान्तरणको दिशा तय गरिएको छ।

## विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

- **विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानले प्रत्याभूत गरेको सशक्त स्थानीय सरकार र २२ वटा एकल अधिकारको सुनिश्चितता।

२. नीति, ऐन तथा योजना तर्जुमा गर्ने स्थानीय अधिकारको अभ्यास।

३. बजेट तथा कार्यक्रम सञ्चालनमा स्पष्ट नैसर्गिक एवं कानुनी अधिकार।

४. भौगोलिक तथा सांस्कृतिक विविधतायुक्त समाज, पर्यटन सम्भावनासहित।

५. सबै वडामा सडक पूर्वाधारको सहज पहुँच।

६. कृषिजन्य उत्पादनको बजारमा पहुँचमा वृद्धि।

७. नक्सा पास प्रक्रिया प्रति नागरिकको आकर्षण, भवन निर्माणमा भवन संहिता पालना।

- **विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारीमूलक सीपयुक्त शिक्षा प्रणालीको विकास।
२. कृषकहरूलाई समयमै मल, बीउ—बिजनको आपूर्ति।
३. युवालाई कृषि—उद्यममा आकर्षित गर्ने कार्यक्रम।
४. विदेशबाट फर्केका सीपयुक्त युवाको पुनःस्थापना र उद्यम विकास।
५. निर्माण भएका पूर्वाधारको स्थायी मर्मत—संभार व्यवस्था।
६. अव्यवस्थित बस्ती विस्तार नियन्त्रण र वस्ती व्यवस्थापन।
७. सञ्चार सेवाको गुणस्तर र व्यवस्थापन सुधार।

❖ **चालु आ.व.को हाल सम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण**

➢ **भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

- **सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म ६ कि.मि पक्कि सडक, ५.५ किमि ग्राभेल सडक निर्माण भइरहेको छ। पोखरीहरुको संरक्षणका निमित ६ वटा पोखरीहरुमा घाट निर्माण भइरहेको छ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाईएको छ ।

- **सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा विद्युतीय सिचाईको व्यवस्थालाई अगाडी बढाएको छ ,कोची सिचाईको लागि पक्कि बाध निर्माण र नहर ब्यबस्थित गर्ने कार्य अगाडी बढेको छ । सिचाईबाट सिचाई सुबिधा प्राप्त हुने अवस्था सृजना गर्न प्रयास गरेको छ ।वडाका बिभिन्न स्थानमा स्यालो ट्युवेल तथा डिप ट्युवेल जडान गरि सिचाईको प्रबन्ध गरिएको छ ।

➢ **सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको पिपरा जनता अस्पतालमा १ जना विशेषज्ञ डाक्टर पदस्थापन गरिइसकेको छ।हाल नेत्र (Ophthalmic) सेवा नियमित रूपमा सुचारु गरिएको छ।
रेडियोलोजी सेवा (Radiology Services) सुरु गरिएको छ, जसअन्तर्गत X-ray तथा Ultrasound सेवा उपलब्ध छ।प्रयोगशाला सेवा (Laboratory Services) सुदृढ पारिएको छ, जसले आधारभूतदेखि मध्यम स्तरका रक्त, पिसाब, शुगर, मिर्गौला, थाइराइड आदि

परीक्षणहरू नियमित रूपमा गर्दै आएको छ। रा.ना.मा.बि. बिज्ञन प्रयोगशाला स्थापना भइ प्राबिधिक शिक्षा अन्तर्गत बाली बिज्ञान बिषयको पठन-पाठन सुचारु गरिएको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ। विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि युवाहरुलाई खेलकुद सामग्री बितरण का साथै शहिद कप T२० क्रिकेट प्रतियोगिता संचालन भएको छ ।

- **आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकामा ८ किमि नया कृषि सडक निर्माण भएको छ । बिभिन्न वडामा रहेका पुराना सिचाईका नहरहरुलाई मर्मत सम्भार गरिएको छ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ । यसबाट रोजगारी सृजना भई पालिकावासीलाई लाभान्वित भएका छन् ।

- **सुशासन तथा संस्थागत विकास भएका उपलब्धी**

गाउँपालिकाले आवस्यक ऐन,नियमावली,कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।न्यायिक समिति बाट यस आ.ब. मा हाल सम्म ५ वटा उजुरीको फैशला ९ वडा मिलापत्र तथा ७ वडा माथिलो निकायमा पठाईएको छ भने अरु उजुरीहरु माथि कामकारवाही चलिरहेको ।

**अन्य उपलब्धिहरु**

- प्रसशाकिय भवन निर्माण कार्य तीब्रताका साथ अगाडी बढाईएको छ ।
- वडा नं ५ को स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भइ सेवाहरु नया भवनबाट सुरु भएको छ ।
- सम्पुरक अनुदान अन्तर्गत वडा नं ५ मा शितगृह coldstore निर्माण कार्य सुचारु भएको छ।
- बिशेष अनुदान अन्तर्गत वडा नं.५ मा रोजगार सहितको महिला सशक्तीकरणका लागि उद्योग संचलान प्रक्रिया अगाडी बढाईएको छ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

**सभाध्यक्ष महोदय,**

अब म आ. व. २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

- **सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

  - **शिक्षा**

१.पूर्ण विद्यार्थी भर्ना अभियान लाई निरन्तरता दिइनेछ र कुनै पनि उमेर समूहका बालबालिका विद्यालयबाहिर नरहुन भन्ने सुनिश्चित गरिनेछ।

२.दलित तथा बिपन्नलाई कक्षा १२ सम्मको शिक्षालाई पूर्णतः निःशुल्क बनाइनेछ।

३.विद्यालयहरूमा भौतिक पूर्वाधार, स्वास्थ्य, सरसफाइ तथा आधारभूत खानेपानी सुविधा विस्तार गरिनेछ।

४.नयाँ संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गता मैत्री डिजाईन अनिवार्य गरिनेछ।

५.सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप (खेलकुद, सिर्जनात्मक कार्यक्रम आदि) नियमित र व्यवस्थित बनाइनेछ।

५.शिक्षकहरूको व्यावसायिक क्षमता विकासका लागि तालिम तथा सीप अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

६.विद्यालयहरूमा शिक्षक—विद्यार्थी अनुपात, विषयगत दरबन्दी र शिक्षक सरुवा प्रणाली व्यवस्थित गरिनेछ।

७.अंग्रेजी माध्यममा शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयलाई पूर्वाधार, दरबन्दी र सामग्रीमा सहयोग दिइनेछ।

८.रामनारायण उच्च माध्यमिक विद्यालयलाई नमुना तथा प्राविधिक शिक्षालयको रूपमा विकास गरिनेछ।

९. सम्पूर्ण विद्यालयहरूमा सुरक्षित र स्वच्छ महिनावारी व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

  - **युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. दुर्व्यसनमा परेका युवाहरूलाई लक्षित गर्दै निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ, र उनीहरूको सामाजिक पुनःस्थापना सुनिश्चित गरिनेछ।

२. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सिप र अनुभवलाई सदुपयोग गर्दै स्थानीय नवप्रवर्तन र उद्यम विकास कार्यक्रमहरूसँग आबद्ध गरिनेछ।

३. “विदेश हैन, बिजनेस” भन्ने भावना जागृत गर्न युवामुखी स्वरोजगार र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४. विशेष किसिमका सिपमूलक तालिम, स्टार्टअप अनुदान, तथा आर्थिक सबलीकरण कार्यक्रम मार्फत युवालाई स्वावलम्बी बनाइनेछ।

५.सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रसँग सहकार्यमा युवालाई रोजगारीमुखी सिप विकास तालिम दिइनेछ।

६. वडाहरूबीच अन्तर—वडा स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ जसले खेलाडीहरूको मनोबल अभिवृद्धि गर्नेछ।।

७. लोकप्रिय खेलहरू (जस्तैः फुटबल, भलिबल, क्रिकेट) मा महिला खेलाडी उत्पादन गर्न प्रशिक्षण सञ्चालन गरिनेछ।

- **लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. महिला हिंसा विरुद्ध शून्य सहनशीलता नीति अपनाउँदै “हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान” अभियान सञ्चालन गरिनेछ।

२. हिंसा पीडित महिला तथा बालबालिकाका लागि सहायता केन्द्र स्थापना गरिनेछ।

३. महिला हिंसा, घरेलु हिंसा, बलात्कृत हिंसा लगायत विषयमा चेतनामूलक तालिम सञ्चालन गरिनेछ।

४. गर्भवती महिलाको लागि आमा सुरक्षा कार्यक्रम तथा नवजात शिशुको लागि पोषण कार्यक्रम कार्यान्वयन गरिनेछ।

५. महिला उद्यमशीलता विकासमा जोड दिई, महिलाद्वारा प्रवर्द्धित व्यवसायमा कर छुट व्यवस्था गरिनेछ।

६. पालिकाको बजेट तथा कार्यक्रमहरूमा लैङ्गिक परीक्षण प्रणाली लागू गरिनेछ।

७ . बालविकास केन्द्रहरूको पूर्वाधार स्तरोन्नति गरिनेछ।

८. सबै वडामा बाल क्लब सञ्जाललाई सक्रिय बनाइनेछ।

९. “**बाल विवाह मुक्त क्षेत्र घोषणा कार्यबिधि २०८०**” लाई मध्यनजर गरी बाल विवाह न्यूनीकरणका लागि बिभिन्न किसिमको कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

१०. दलित तथा शिल्पी समुदायका परम्परागत पेशालाई व्यवसायिक रूपान्तरण गर्न लगानी तथा तालिम प्रदान गरिनेछ।

११. ज्येष्ठ नागरिक मैत्री कार्यक्रम तथा सेवा पहुँच विस्तारमा ध्यान दिइनेछ।

- **स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१.सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण व्यवस्था गरिनेछ।

२.पिपरा जनता अस्पताललाई सुविधासम्पन्न र उत्कृष्ट बनाउने कार्ययोजना अघि बढाइनेछ।

३.निःशुल्क स्वास्थ्य परीक्षण तथा रेफरल सेवाहरू लक्षित वर्गहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

४.नेपाल रेडक्रस सोसाइटीसँग सहकार्यमा रक्त सञ्चार सेवा विस्तार गरिनेछ।

५.महिला स्वयंसेविकाहरूको दक्षता अभिवृद्धि तालिम प्रदान गरिनेछ।

६.प्राथमिक स्वास्थ्य सन्देश, पोषण, सरसफाइ, खोप लगायत विषयमा स्वयंसेविकाहरूको ज्ञान अद्यावधिक गरिनेछ।

- **आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरिनेछ।

२. उत्पादन देखि बजारीकरणसम्मको सम्पूर्ण मूल्य श्रृङ्खलामा पालिका, निजी क्षेत्र र सहकारीको सहकार्यमा स्थानीय आर्थिक विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. आप्रवासी बजार केन्द्र स्थापना गरिनेछ ।

४. राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ जसबाट कर प्रणालीप्रति स्वेच्छिक सहभागिता बढाउने उद्देश्य लिइनेछ।

५. समयमै कर तिर्ने करदाताहरूलाई छुटको व्यवस्था मिलाइनेछ। ।

- **उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण, नामसारी लगायतका कार्यहरूमा सूचना प्रविधिको प्रयोग गरी प्रक्रियालाई सरल, पारदर्शी र द्रुत बनाइनेछ।

२. लगानीमैत्री नीति निर्माण गरिनेछ।

३.औद्योगिक पूर्वाधार सुदृढीकरण गरी स्थानीय युवाहरूलाई रोजगारी दिने उद्योग स्थापनामा विशेष प्राथमिकता दिइनेछ।

४. वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गरिनेछ।

५ . विद्यापति प्रवेशद्वार — विद्यापति डिह — एकरहिया मार्गलाई स्तरोन्नति गरिनेछ।

६. विद्यापति स्मारक निर्माणलाई पूर्णता दिइने छ ।

७.मुख्य चोक तथा प्रवेशद्वारहरूमा डिजिटल डिस्प्ले/विलबोर्ड राखी पर्यटक आकर्षण बढाइनेछ।

८. सबै पर्यटन स्थलमा खानेपानी, सरसफाइ, विश्रामस्थल लगायत पूर्वाधार निर्माण गरिनेछ।

९. पर्यटकीय स्थलहरूमा कुनै प्रकारको विभेद नगर्ने सुनिश्चितता गरिनेछ।

१०. पिपरा हनुमान मन्दिर, बौधीमाई मन्दिर र विद्यापति डिहलाई संवर्द्धन र संरक्षण गरी राष्ट्रियस्तरको पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ।

११. चाडपर्वहरूमा अन्य पालिकाका प्रमुख, उपप्रमुख र विशिष्ट व्यक्तित्वहरूलाई आमन्त्रण गरी स्थानीय संस्कृतिको प्रचार—प्रसार गरिनेछ।

- **कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१.ऑप पकेट क्षेत्र बिकासका लागी आवसयक बजेट बिनियोजन गरिनेछ।

२.कृषकहरूको वर्गिकृत/विस्तृत तथ्यांक सङ्कलन गरिनेछ।

३.प्रत्येक कृषकलाई "किसान कार्ड" को व्यवस्था गरिनेछ, जसले अनुदान तथा प्रविधि पहुँचमा सहुलियत पुऱ्याउनेछ।

४.सिंचाइ, कृषि सडक, विद्युतीकरण, कृषि बजार, शीत भण्डारण तथा गोदाम जस्ता पूर्वाधारहरू पकेट क्षेत्रमा प्राथमिकताका साथ निर्माण गरिनेछ।

५. कृषि तर्फ आर्कषित गर्न कृषकहरुले प्रयोग गर्ने कृषि मिटरको महशुल पालिकाले बुझाईदिने छ।

६ .स्थानीय उत्पादनलाई प्राथमिकता दिइ पालिकाका सार्वजनिक कार्यक्रमहरूमा स्थानीय वस्तुको खपत अनिवार्य गरिनेछ।

७. पशु पालनमा प्रोत्साहन गर्न दुध संकलन केन्द्र स्थापना गरिनेछ ।

- **सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,**

१.नागरिक गुनासो/जिज्ञासा अनलाइन माध्यमबाट दर्ता, ट्र्याक र समाधान गर्न App निर्माण गरी लागू गरिनेछ।

२.योजना, लेखा, राजस्व, नक्सा लगायत सम्पूर्ण सेवा डिजिटल बनाई कागजविहीन सेवा प्रणाली कार्यान्वयन गरिनेछ

३.बक्यौता, पेश्की, बेरुजु अद्यावधिक गरी कडाइका साथ असुलउपर गरिनेछ।

४. मासिक आम्दानी-खर्च प्रत्येक महिना सूचनापाटी र वेबसाइटमा प्रकाशन गरिनेछ।

३. प्राविधिक वा विज्ञ अभाव भएको क्षेत्रमा विषय विशेषज्ञलाई सहजकर्ता/परामर्शदाता का रूपमा परिचालन गरिनेछ।

५. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, अवलोकन भ्रमणलाई नतिजामुखी र अनिवार्य बनाइनेछ।

६. नगर प्रहरी भर्ना गरि स्थानीय स्तरमा शान्ति, सुरक्षा र सार्वजनिक व्यवस्था कायम गर्न सकृय बनाइनेछ।

७. सरकारी/सार्वजनिक जग्गाको खोज, अभिलेख राखी संरक्षण गरिनेछ।

संघ, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग सहकार्यका लागि अन्तर समन्वय नीति तर्जुमा गरिनेछ।

- **वन, वातावारण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. खाली तथा बाँझो जमिनमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

२. जल, जमिन र वातावरण संरक्षण गर्दै जीविकोपार्जनका अवसरहरू सृजना गरिनेछ।

३. पोखरी संरक्षण तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

४. नदी नियन्त्रण तथा जलाधार संरक्षणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५. सतही पानीको स्तर बढाउन कोची नदीमा बाध निर्माण गरिनेछ।

६. विपद् जोखिम व्यवस्थापन कोषमा वृद्धि गरी स्रोत परिचालनलाई व्यवस्थित बनाइनेछ।

७.फोहोरमैला प्रशोधन केन्द्र निर्माण र सञ्चालन गरिनेछ।

८. वातावरणीय संरक्षण, इन्धनको दक्ष उपयोग तथा महिलामैत्री भान्सासँग जोडिएको स्वास्थ्य सुरक्षालाई दृष्टिगत गर्दै सुधारिएको चुलो तथा इन्डक्सन चुलो वितरण गरिनेछ।

- **भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१.आवधिक योजना, आवास योजना र वस्ति विकास योजनालाई अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ।

२.विकास योजनाहरूमा समावेशीताको सुनिश्चितता गर्दै समतामूलक पहुँचका लागि कम विकसित र पिछडिएका क्षेत्रलाई प्राथमिकता दिइनेछ।

३.लागत—लाभ विश्लेषणमा आधारित, समावेशी र दीगो प्रभाव दिने आयोजनाहरूको पहिचान गरी "आयोजना बैंक" तयार गरिनेछ।

४ .गुरुयोजनाअनुसार पूर्वाधार निर्माण कार्यहरू गुणस्तरीय र व्यवस्थित रूपमा लागू गरिनेछन्।

५ गाउँपालिका सडक प्राथमिकता अनुसार चरणबद्ध रूपमा स्तर उन्नति गरिनेछ।

६.दीर्घकालीन पूर्वाधार विकासमा पारदर्शिता र लागत—प्रभावकारितामा जोड दिइनेछ।

७ .नेपाल राष्ट्रिय भवन संहिता, भवन निर्माण तथा वस्ती विकास सम्बन्धी मापदण्डहरूको पूर्ण पालना अनिवार्य गरिनेछ।

८ .भवन निर्माण अनुमतिलाई सूचना प्रविधिमा आधारित बनाई सहज र पारदर्शी सेवा प्रवाह गरिनेछ।

९. विगतका अधुरा/क्रमागत योजनाहरूको पुनरावलोकन गरी क्रमागत रूपमा पूर्ति गरिनेछ।

१०.पालिका स्वामित्वमा रहेका संरचनाहरूको आवधिक मर्मत तथा संरक्षणलाई प्राथमिकता दिइनेछ।

१२. "एक वडा—एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।
१३.सार्वजनिक सम्पत्तिको दुरुपयोग तथा अतिक्रमण रोक्न विशेष संरक्षण अभियान सञ्चालन गरिनेछ।
१४.सडक निर्माण तथा स्तरोन्नतिमा स्थानीय आवश्यकता अनुसारको मापदण्ड परिमार्जन/समन्वय गरिनेछ।

- **राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१.आन्तरिक आयका स्रोतहरू (जग्गा कर, घर बहाल कर, व्यवसाय कर, सेवा शुल्क आदि) को सम्भाव्यता अध्ययन गरिनेछ।
२.स्थानिय सरोकारवाला, प्रदेश सरकार, संघीय सरकारका निकाय, तथा गैसस र विकास साझेदारहरूसँग परामर्श, समन्वय, साझेदारी गरिनेछ।
३.वडा कार्यालयहरूसँग समन्वय गरीः घरधनी र बहालबासीलगायतको अद्यावधिक अभिलेख प्रणाली विकास गरिनेछ।
४.घर बहाल करको चुहावट न्यूनीकरण गर्न सूचना प्रविधि प्रयोगमा आधारित डिजिटल डाटा प्रणाली लागू गरिनेछ।

---

अव म आगामी बर्षको अनुमानित बजेटको संक्षिप्त रुप प्रस्तुत गर्न चाहन्छु :

माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि आगामी आ.ब. २०८२।०८३ को आय तर्फ ५३,५१,४५,३०६(त्रिपन्न करोड एकावन्न लाख पैतालिस हजार तिन सय छ रुपैया ) आयको अनुमान गरिएको छ ।

आयको अनुमान

| | | |
|---|---|---|
| संघ | समानीकरण अनुदान | ११,३०,००,००० |
| | राजश्व बाँडफाँड | ९,७३,१७,३३६ |
| | सशर्त अनुदान | २२,८७००००० |
| | बिशेष अनुदान | ६९,००,००० |
| | सम्पुरक अनुदान | ९७,००,००० |
| | समानीकरण अनुदान | ७८,२५,००० |
| | राजश्व बाँडफाँड | ९७,०२,९७० |
| | सशर्त अनुदान | ८०,००,००० |

| | | |
|---|---|---|
| | बिशेष अनुदान | ३०,००,००० |
| | सम्पुरक अनुदान | २०,००,००० |
| आन्तरिक | आन्तरिक आय | २,३०,००,००० |
| | गत आ.ब.को मौजदात | ३,००,००,००० |
| | जम्मा | ५३,५१,४५,३०६ |

आदरणीय उपस्थित सम्पूर्ण महानुभावहरु

गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरु सभाबाट स्वीकृत गर्ने हुँदा सारांश मात्रै गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु । विस्तृत विवरण सहितको सम्पूर्ण नीति, कार्यक्रम तथा बजेट समेटिएको पुस्तिका प्रकाशनको साथै स्थानीय राजपत्रमा समेत प्रकाशन गरिने जानकारी गराउँदछु ।

अन्तमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं अप्रत्यक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुर्याउनु हुने गाउँपालिकाका पदाधिकारीहरु कर्मचारीहरू लगायत अन्य व्यक्तिहरु प्रति आभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

।। धन्यवाद ।।